मालिकार्जुन गाउँपालिका

# स्थानीय राजपत्र


खण्डः-६ संख्याः-३ मितिः-२०७९/१०/०२


भाग-१

मालिकार्जुन गाउँपालिका

गाउँसभाबाट स्वीकृत मितिः- २०७९/०९/२२

# मालिकार्जुन गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७९

**<u>प्रस्तावना:</u>** नेपालको संविधान अनुसूची ८ मा माध्यमिक तह सम्मको शिक्षालाई स्थानीय तहको एकल अधिकार अन्तर्गत राखेको छ । उक्त व्यवस्थालाई बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) उपदफा (२) खण्ड (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा व्यवस्थापन तथा नियमन गर्ने अधिकार स्थानीय तहमा निहित रहेको छ । उपर्युक्त परिप्रेक्ष्यमा, मालिकार्जुन गाउँको प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास तथा स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्दै समृद्ध मालिकार्जुन , सुखी मालिकार्जुन बासीको सपना साकार गर्नका लागि मालिकार्जुन गाउँपालिकामा स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापनमा सुधार गरी सर्वसूलभ, गुणस्तरीय तथा सीपमूलक शिक्षाको सुनिश्चितताको लागि आधारभूत तथा माध्यमिक शिक्षा व्यवस्थापन तथा नियमन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) उपदफा (१) वमोजिम मालिकार्जुन गाउँपालिकाको, गाउँसभाको नवौं अधिवेशनबाट मालिकार्जुन गाउँ शिक्षा ऐन, २०७९ स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१.संक्षिप्त नाम, विस्तार र प्रारम्भः

(१) यस ऐनको नाम "मालिकार्जुन गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन मालिकार्जुन गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. परिभाषाःविषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "गाउँपालिका" भन्नाले मालिकार्जुन गाउँपालिकालाई सम्झनुपर्छ ।

(ख) "गाउँसभा" भन्नाले मालिकार्जुन गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

(ग) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ

(घ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ङ) "समावेशी शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा शारीरिक अपाङ्गता भएका बालबालिकालाई दिइने विशेष किसिमको शिक्षा सम्झनु पर्छ ।

मालिकार्जुन गाउँपालिका

(च) “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक दुबै शिक्षा सम्झनु पर्छ ।

(छ) “प्राविधिक तथा व्यावसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ज) “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(झ) “संस्थागत विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी निजी पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ञ) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ट) “शिक्षक” भन्नाले विद्यालयमा सिकाई सहजीकरण गर्न नियुक्त अध्यापक सम्झनु पर्दछ र सो शब्दले प्रधानाध्यापक तथा स्थानीय राहत शिक्षकलाई समेत जनाउँछ ।

(ठ) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(ड) “अनुमति” भन्नाले नेपाल सरकार वा गाउँपालिकाले कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ढ) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(ण) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(त) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(थ) “प्रारम्भिक बालशिक्षा” भन्नाले पाँच वर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनुपर्छ ।

(द) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले मालिकार्जुन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ध) “मन्त्रालय” भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र संघीय सरकारको स्थानीय शिक्षा हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ ।

(न) “आयोग” भन्नाले शिक्षक सेवा आयोगलाई सम्झनु पर्छ ।

मालिकार्जुन गाउँपालिका

(प) “विशेष शिक्षा” भन्नाले दृष्टिबिहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षालाई सम्झनुपर्छ ।

(फ) “बोर्ड” भन्नाले गाउँ परीक्षा बोर्डलाई सम्झनुपर्छ ।

(ब) “शिक्षा शाखा” भन्नाले गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई बुझिनेछ ।

(भ) “शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख” भन्नाले गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनुपर्छ ।

(म) “स्थानीय राहत शिक्षक” भन्नाले स्थानीय सरकारद्वारा आन्तरिक श्रोतबाट व्ययभार हुने गरी नियुक्त गरिएका शिक्षकहरुलाई बुझाउने छ ।

(य) “अनिवार्य शिक्षा” भन्नाले संघीय सरकारद्वारा तोकिएको उमेर समूहका बालबालिकाहरुलाई विद्यालय वा अन्य बैकल्पिक शैक्षिक संस्थामा भर्ना भई नियमित अध्ययन गर्ने छ र आधारभूत तहको अध्ययन पूरा गर्ने बाध्यकारी व्यवस्थालाई सम्झनु पर्दछ ।

(र) “निःशुल्क शिक्षा” भन्नाले विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा कुनैपनि शुल्क असुल नगरी दिइने शिक्षालाई सम्झनु पर्दछ ।

(ल) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत् विद्यार्थीको बाबु, आमा, बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येवाट विद्यालयको अभिलेखमा जनिएको व्यक्तिलाई जनाउँछ ।

## परिच्छेद २

## शिक्षामा नागरिकको पहुँच

३. शिक्षा प्राप्त गर्ने अधिकारः गाउँबासी प्रत्येक नागरिकलाई औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट गुणस्तरीय आधारभूत तथा माध्यमिक शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

४. शिक्षा प्रदान गर्ने दायित्वः गाउँबासी प्रत्येक नागरिकलाई माध्यमिक तह सम्मको शिक्षा प्रदान गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

५. नागरिकको कर्तव्यः आधारभूत शिक्षा प्राप्त गर्ने उमेर समुहका आफ्ना बालबालिकाहरुलाई पायक पर्ने विद्यालय र उमेर अनुसारको कक्षामा भर्ना गराई नियमित रुपमा विद्यालय पठाउनु गाउँबासी नागरिकको कर्तव्य हुनेछ । शिक्षामा नागरिकको अधिकार एवम् पहूँच र गाउँपालिकाको दायित्व सम्वन्धी अन्य व्यवस्था तोकिएवमोजिम हुनेछ ।

## परिच्छेद ३

## अनिवार्य तथा निःशुल्क शिक्षा

६. अनिवार्य शिक्षाः यो ऐन प्रारम्भ भएपछि गाउँपालिका भित्र बसोवास गर्ने चार वर्ष उमेर पूरा भई तेह्र वर्ष उमेर पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

७. अनिवार्य विद्यालय भर्नाः यो ऐन प्रारम्भ भएपछि प्रत्येक बालबालिकालाई अनिवार्य रुपमा नियमानुसार विद्यालयमा भर्न्ना गराउनु सम्वन्धित अभिभावकको कर्तव्य हुनेछ ।

८. पहिचान विहिन बालबालिकाः गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र अभिभावकको पहिचान नभएका बालबालिका भएमा त्यस्ता बालबालिकाको माध्यमिक तहसम्मको शिक्षाको व्यवस्था गर्नु गाउँपालिकाको दायित्व हुनेछ ।

९. माध्यमिक तह सम्मको शिक्षा निःशुल्कः प्रत्येक वालबालिकालाई माध्यमिक तह सम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकार हुनेछ ।

१०. अनौपचारिक, बैकल्पिक, परम्परागत तथा खुल्ला शिक्षाको व्यवस्थाः १) गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने प्रत्येक नागरिकलाई आधारभूत तहसम्म आफ्नो अनुकुल शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

२) अनौपचारिक, बैकल्पिक, खुल्ला तथा परम्परागत शिक्षा पद्धतिको सञ्चालन, संरक्षण र प्रबर्धन गरिनेछ ।

११. प्राविधिक तथा व्यवसायिक शिक्षा सम्वन्धी व्यवस्थाः १) गाउँपालिका भित्र माध्यमिक तह सम्मको समकक्षता हुने गरी बहुप्राविधिक शिक्षाको विकास, अनुसन्धान तथा प्रवर्द्धन गरिने छ ।

१२. स्वास्थ्य उपचारको प्रवन्धः आधारभूत तथा माध्यमिक विद्यालयमा अध्ययनरत सबै बालबालिकाको नियमित स्वास्थ्य परीक्षण, आधारभूत स्वास्थ्य उपचार तथा परामर्श सम्वन्धमा आवश्यक व्यवस्था मिलाइने छ ।

## परिच्छेद ४

### शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमति, स्वीकृति, समायोजन तथा नियमन सम्बन्धी व्यवस्थाः

१३. माध्यमिक शिक्षाको प्रकारः माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्;

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

१४. शिक्षाको माध्यमः

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुन सक्नेछः

(क) आधारभूत तह (कक्षा १ देखि ५) सम्म मातृभाषामा शिक्षा दिन सकिनेछ ।

(ख) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

१५.विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूरशिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूरशिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

१६. विद्यालयको वर्गीकरणः विद्यालयलाई देहाय अनुसार वर्गीकरण गरिनेछ ।

(क) सामुदायिक विद्यालय,

(ख) संस्थागत विद्यालय,

(ग) गुठी विद्यालय,

(घ) सहकारीबाट संचालित विद्यालय ।

१७. विद्यालय संचालन गर्न अनुमति तथा स्वीकृति सम्बन्धी व्यवस्थाः (१) कुनै नेपाली समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी वा संस्थागत विद्यालय वा सहकारी विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित शैक्षिक सत्र शुरु हुनुभन्दा ३ महिना अगावै गाउँ कार्यपालिकाको कार्यालय समक्ष अनुमतिको लागि रीतपूर्वक तोकिएबमोजिमको ढाँचामा निवेदन पेस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा, युवा तथा खेलकुद शाखाबाट तोकिए बमोजिम भौतिक संरचना लगायतको आवश्यक जाँचबुझ गर्दा विद्यालय खोल्ने अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्तहरु पालना गर्ने गरी गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले शैक्षिक सत्र शुरु हुनुभन्दा ३० दिन अगावै अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति प्राप्त गरेका विद्यालयहरुले स्वीकृतिका लागि रीतपूर्वक तोकिएबमोजिमको ढाँचामा निवेदन पेस गर्नुपर्ने छ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएमा शिक्षा शाखा मार्फत त्यस्तो विद्यालयको जाचँबुझ गरी गराई त्यसको प्रतिवेदन पेस गर्न लगाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त जाचँबुझ प्रतिवेदनका आधारमा तोकिएको मापदण्ड पूरा गरेको देखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा तोकिएको ढाँचामा विद्यालय खोल्न तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(६) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँ कार्यपालिकाको कार्यालयसमक्ष निवेदन दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम निवेदन परेमा शिक्षा, युवा तथा खेलकुद शाखाले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा मागबमोजिम आधारभूत तह

देखि माध्यमिक तहसम्म विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले पुनःअनुमति तथा स्वीकृति दिनेछ ।

(८) माथि जुनसुकै कुरा उल्लेख भएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(९) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछः

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनु पर्ने,

ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँच र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनु पर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यताप्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(१०) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा आधारभूत तहदेखि माध्यमिक तहसम्म गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले अनुमति प्रदान गर्न सक्नेछ ।

(११) उपदफा (१०) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछन् ।

(१२) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर कानूनले तोकेको प्रक्रिया पूरा गरी माग भएमा स्वीकृत दिन बाधा पर्नेछैन ।

(१३) गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले कुनै विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ । तर एक शैक्षिक सत्रमा १ कक्षा मात्र थप गर्न अनुमति दिइने छ ।

(१४) विद्यालय सञ्चालन तथा व्यवस्थापन प्रचलित कानुनमा तोकिए बमोजिम हुनेछ ।

(१५) संस्थागत विद्यालयको शुरु अनुमति तथा थप अनुमति तथा कक्षा थप अनुमतिको लागि तोकिए बमोजिम दस्तुर तथा धरौटी लाग्ने छ ।

(१६) गाउँपालिकाले आधारभूत तह अन्तर्गत प्रारम्भिक बालशिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा थप व्यवस्था गर्न सक्नेछ ।

१८. सामुदायिक सिकाइ केन्द्र सञ्चालन सम्बन्धी व्यवस्थाः गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सकिनेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय, सामुदायिक अध्ययनकेन्द्र र वाचनालय सञ्चालन गराउन सकिनेछ ।

१९. गाउँपालिकाले विद्यालय स्वीकृति, सार्न, एकीकरण, समायोजन, नाम परिवर्तन गर्न वा बन्द गर्ने सम्बन्धी व्यवस्थाः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भएतापनि दरवन्दी निर्धारण, मिलान तथा विद्यालय समायोजनका क्रममा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले गाउँपालिका भरिका विद्यालयहरुमा स्वीकृत दरवन्दी उपलब्ध गराई तोकिएको ढाँचामा विद्यालय स्वीकृत गर्न सक्नेछ ।

(२) गाउँपालिकाले विद्यालय सार्न, एकीकरण, समायोजन वा बन्द गर्ने सम्बन्धी आवश्यक कार्यविधि निर्माण गरी लागू गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको आधारमा विद्यालयहरु समायोजनको निर्णय गर्दा कार्यपालिकाले त्यस्ता विद्यालयको लागि आवश्यक शिक्षक तथा कर्मचारीको दरबन्दी यकिन गरी बढी हुन आएको शिक्षक तथा कर्मचारीको व्यवस्थापनको विषयमा समेत निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम गाभिएर खाली भएको वा बन्द भएको विद्यालयमा सामुदायिक प्रयोजनका लागि पुस्तकालय, म्युजियम, संवाद स्थल, वा सीप विकास केन्द्र, सामुदायिक केन्द्र जस्ता संस्था बनाउन सकिने छ ।

(५) विद्यालयको नाम परिवर्तन गर्नु पर्ने भएमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा स्वीकृतिका लागि आवेदन पेस गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम पेस हुन आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ ।

(७) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातियता झल्किने प्रकारको नाम राख्न पाइने छैन । तर माध्यमिक तहको हकमा ५०,००,०००। (पचास लाख रुपैया), आधारभूत तहको हकमा ३०,००,०००। (तीस लाख रुपैया) रुपैया प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन । यसरी नाम परिवर्तन गर्दा विद्यालयको पहिलाको नाम पूरै परिवर्तन नगरी अगाडिको नाममा थप गर्नुपर्ने वा नाम जोडी नामाकरण गर्न सकिनेछ ।

## परिच्छेद ५

## संस्थागत व्यवस्था तथा काम, कर्तव्य र अधिकार

२०.गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्थाः (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ ।

(क) गाउँ कार्यपालिकाको अध्यक्ष वा निजले कार्यपालिका सदस्यहरु मध्ये तोकेको व्यक्ति –संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(ग) गाँउ कार्यपालिकाको निर्णयबाट एकजना दलित एकजना महिला प्रतिनिधित्व हुने गरी मनोनित ३ जना -सदस्य

(घ) गाँउपालिका स्थित सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येवाट गाउँपालिकाको शिक्षा समितिले मनोनित गरेको १ जना –सदस्य

(ङ) गाउँपालिका शिक्षक महासंघको अध्यक्ष वा प्रतिनिध १ जना –सदस्य

(च) गाँउपालिका स्थित सामुदायिक तथा संस्थागत विद्यालयमा प्रधानाध्यपकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोतित गरेको कम्तिमा एक जना महिला सहित २ जना - सदस्य

(छ) स्थानीय समाजसेवी, शिक्षाप्रेमी मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(ज) गाँउपालिका शिक्षा शाखा प्रमुख – सदस्य-सचिव

गाँउपालिका शिक्षा समितिमा सामाजिक विकास समितिका सदस्यहरु/विज्ञहरुलाई आमन्त्रित गर्न सकिने छ ।

(२) शिक्षा समितिको वैठक प्रत्येक महिनामा कम्तिमा एक पटक बस्नुपर्नेछ ।

(३) शिक्षा समितिको बैठकभत्ता गाउँपालिकाको प्रचलित कानून वमोजिम हुनेछ।

(४) बैठक संचालनको लागि कम्तीमा ५० प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने बैठकको निर्णय वहुमतको आधारमा हुनेछ ।

(५) कुनै कारणले गाउँ कार्यपालिकामा निर्वाचित अध्यक्ष वा सदस्य नरहेको अवस्थामा गाउँ शिक्षा समितिको बैठकको अध्यक्षता प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(६) गाउँ शिक्षा समितिको कार्य अवधि ३ वर्षको हुनेछ

(७) विशेष कारणवश यस गाउँकार्यपालिकाले २ पटक ६ महिनाको दरले कार्य अवधि थप गर्न सक्नेछ ।

२१. गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकारः (१) ऐन तथा यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा समितिको थप काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शिक्षा शाखाबाट पेस भएको शैक्षिक योजना माथि छलफल गरी स्वीकृतिको लागी कार्यपालिकामा पेस गर्ने।

(ख) गाउँपालिकामा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर बृद्धि गर्न शिक्षा शाखा मार्फत पेस भएको कार्ययोजना माथि छलफल गरी आबस्यक देखिएमा परिमार्जन सहित स्वीकृत गर्ने।

(ग) नेपाल सरकारको स्वीकृत नीति र निर्देशन अनुरूप विशेष आवश्यकतामा आधारित शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने।

(घ) विद्यालयलाई आर्थिक सहायता उपलव्ध गराउने तथा त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।

(ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना बमोजिम आवश्यक कार्यक्रम बनाउने।

(च) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने ।

(छ) विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्न।

(ज) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने, गराउने।

(झ) विद्यालयहरुलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने।

(ञ) विद्यालय तह घटाउन र बन्द गर्न सिफारिस गर्ने।

(ट) शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न शिक्षा शाखा मार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने।

(ठ) गाउँ स्तरीय खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न शिक्षा शाखालाई निर्देशन दिने।

(ड) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने ।

(ढ) गाउँकार्यपालिका तथा गाउँ सभावाट स्वीकृत शिक्षा योजना र मापदण्ड भित्र रही आवश्यक निर्देशन दिने।

(ण) विद्यालयले कायम गर्नु पर्ने न्युनतम सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने।

(त) गाउँ क्षेत्र भित्र विशेष आवश्यकता भएका वालबालिकाको तथ्यांक संकलन गरी उनीहरुका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठन व्यवस्था मिलाउने।

(थ) विद्यालय सुधार तथा बिकासका लागि नीति निर्देशन गर्ने।

(द) गाउँपालिका भित्र रहेका विद्यालयहरुमा कक्षागत शिक्षक, विद्यार्थी अनुपात दर निर्धारण गर्न कार्यपालिकालाई राय सहित सिफारिस गर्ने।

(ध) ऐनको दफा २१ को उपदफा १ (द) अनुसार निर्धारित अनुपातका आधारमा कुनै विद्यालयमा शिक्षक अभावका कारण पठनपाठनमा बाधा परिरहेको भए स्थानीय राहत शिक्षक दरबन्दी निर्धारण गर्न कार्यपालिकालाई सिफारिस गर्ने।

(न) गाउँपालिकाको अनुदानमा नियुक्त शिक्षकको योग्यता, तालिम, अध्यापन अनुमति पत्र तथा आर्थिक बन्दोबस्त गर्नका लागि मापदण्ड तोकी स्वीकृतिका लागि गाउँपालिकालाई सिफारिस गर्ने ।

(प) गाउँपालिका भित्र रहेका प्रारम्भिक बालविकास केन्द्रहरुको संख्या एकीन गरी प्रत्येक विद्यालयमा अनिवार्य रुपमा एउटा बालविकास केन्द्र स्थापना गर्न गाउँपालिकालाई सिफारिस गर्ने।

(फ) विद्यालयमा रिक्त शिक्षक तथा प्रधानाध्यापक नियुक्त गर्ने प्रक्रियामा विवाद उत्पन्न भइ विद्यालय व्यवस्थापन समितिले रिक्त भएको २ महिना भित्र पनि रिक्त दरबन्दी पूर्ती गर्न नसकि विद्यालयको पठनपाठनमा बाधा उत्पन्न भएको देखिएमा उक्त रिक्त दरबन्दी पूर्ती गर्न आवश्यक पहल गर्ने।

(ब) विद्यालयमा प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरुको बरिष्ठता सम्बन्धी प्रोटोकल तयार पारी कार्यान्वयन गराउने ।

(भ) गाउँ क्षेत्र भित्रका विद्यालयहरुमा शिक्षक अभिभावक संघ गठन गर्न लागि आवश्यक पहल गर्ने।

(म) विद्यालयहरुको समग्र भौतिक तथा शैक्षिक विकासका लागि विस्तृत कार्ययोजना निर्माण गरी स्वीकृत तथा कार्यान्वयनका लागि गाउँकार्यपालिकालाई सिफारिस गर्ने।

(य) शिक्षक तथा कर्मचारीहरुको पेशागत वृत्ति विकासका लागि आवश्यक कार्ययोजना तयार गरी गाउँकार्यपालिकालाई सिफारिस गर्ने।

(र) कुनै विद्यालयमा कार्यरत शिक्षकहरुको जिम्मेवारी वरिष्ठताको प्रोटोकल अनुसार बाँडफाँड नगरी विद्यालयको शैक्षिक वातावरण धमिलिएको देखिएमा उक्त विद्यालयलाई आवश्यक कार्यवाहीका लागि गाउँकार्यपालिकालाई सिफारिस गर्ने ।

(ल) कुनै विद्यालय व्यवस्थापन समितिले तोके अनुसारका कार्य गर्न नसकेमा वा विद्यालयको वातावरण खल्बल्याएको ठहरिएमा वा दफा २७ बमोजिम कार्य गरेको ठहरिएमा त्यस्तो व्यवस्थापन समिति विघटन गर्ने ।

२२. गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत तथा प्राविधिक सहायकको काम, कर्तव्य र अधिकारः (१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत तथा प्राविधिक सहायकको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछन् ।

२३. सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन सम्वन्धी व्यवस्थाः (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) अभिभावकले आफुहरुमध्येवाट छानी पठाएका २ जना महिला सहित ४ जना सदस्य मध्येवाट चयन भएको व्यक्ति – अध्यक्ष

(ख) विद्यालयमा रहेको वडाको वडाअध्यक्ष वा निजले तोकेको वडा समितिका सदस्यहरु मध्येवाट १ जना -सदस्य

(ग) विद्यालयका संस्थापक, चन्दा दाता र स्थानीय बुद्धिजिवी मध्येबाट वि.व्य.स.ले मनोनित गरेको २ जना – सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको १ जना -सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक –सदस्य सचिव

(च) खण्ड 'क' बमोजिम अभिभावक मध्येवाट छानि पठाएका ४ जना मध्येवाट अध्यक्ष चयन गर्ने सो बमोजिम चयन हुन नसकेको खण्डमा 'क', 'ख' तथा 'ग' बमोजिम छनौट भएका सदस्यहरुवाट विद्यालय व्यवस्थापन समितिले अध्यक्षको छनौट गर्न सकिनेछ । साथै अध्यक्षको योग्यता विद्यालयको संरचना अनुसार हुनु पर्नेछ । शैक्षिक योग्यताका हकमा उपलब्ध नभएमा वि.व्य.स.को अध्यक्ष छनौटको प्रक्रिया रोकिने छैन ।

(च) आमन्त्रित सदस्यमा वालक्लबको अध्यक्ष वा प्रतिनिधि, शिक्षा अधिकृतलाई वि.व्य.स.को बैठकमा आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिने छ ।

(छ) विद्यालयका संस्थापक र चन्दादाताको सूची विद्यालयले अद्यावधिक गर्नु पर्ने छ ।

(२) ऐनको दफा २३ को उपदफा १ (क) बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति अध्यक्ष पद रिक्त रहेमा समितिका सदस्यहरु मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) विद्यालय व्यवस्थापन समितिको कार्य अवधि ३ वर्षको हुनेछ । विशेष कारणवश यस गाउँकार्यपालिकाले एक पटकका लागि ६ महिनाका लागि कार्य अवधि थप गर्न सक्नेछ ।

(४) राजीनामा स्वीकृत गर्नेः- व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिको निर्णय अनुसार गाउँपालिकाले स्वीकृत गर्नेछ । तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा व्यवस्थापन समितिको जेष्ठ सदस्यले स्वीकृत गर्नेछ ।

(५) अभिभावकको अभिलेख राख्नेः- (क) विद्यालयले शिक्षा शाखाले तोकिदिएको ढाँचामा विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीका बाबु, आमा, बाजे, बज्यै, दाजु, दिदीको नाम, थर, ठेगाना उल्लेख गर्नु पर्दछ र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिको अभिलेख राख्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रुपमा अभिलेख राख्दा निजले संरक्षकत्व प्रदान गरेको व्यहोरा सम्बन्धित वडाबाट प्रमाणित गराएको हुनु पर्नेछ ।

२४. विद्यालय व्यवस्थापन समितिको सदस्य छनौटसम्बन्धी व्यवस्थाः (१) प्रधानाध्यापकले दफा २३ को उपदफा (१) बमोजिमको व्यवस्थापन समितिको छनौट गर्नको लागि तत्कालको व्यवस्थापन समितिको कार्य अवधि समाप्त हुनुभन्दा तीस दिन अगावै सात दिनको सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ । तर कुनै कारणले व्यवस्थापन समिति विघटन भएको वा व्यवस्थापन समितिको सदस्यको पद रिक्त भएको अवस्थामा त्यसरी विघटन वा रिक्त भएको मितिले पन्ध्र दिन भित्र व्यवस्थापन समिति वा रिक्त सदस्यको छनौटको लागि यस ऐन बमोजिम सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नको लागि सम्बन्धित शिक्षा अधिकृत वा निज उपलब्ध नभएमा प्रशासकीय अधिकृतले खटाएको अधिकृतको संयोजकत्वमा प्रधानाध्यापक र स्थानीय तहको प्रतिनिधि रहेको ३ सदस्यीय छनौट सहयोग समिति गठन गर्नेछ ।

(३) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरू छनौट सम्बन्धी अन्य कार्यविधि कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२५. व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि : (१) व्यवस्थापन समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) व्यवस्थापन समितिको बैठक समितिको अध्यक्षसँग सल्लाह गरी सदस्य–सचिवले बोलाउनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापन समितिका एक तिहाई सदस्यले लिखित अनुरोध गरेमा व्यवस्थापन समितिको सदस्य–सचिवले जहिलेसुकै पनि व्यवस्थापन समितिको बैठक बोलाउनु पर्नेछ ।

(४) व्यवस्थापन समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य–सचिवले बैठक सञ्चालन हुनु अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(५) व्यवस्थापन समितिमा तत्काल कायम रहेका पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा व्यवस्थापन समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) व्यवस्थापन समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले गर्नेछ ।

(७) व्यवस्थापन समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(८) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि व्यवस्थापन समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

२६.व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्ने: (१) देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन ।

(क) गैर नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ङ) राज्यकोषबाट तलब भत्ता खाने कर्मचारी / गैर सरकारी लगायत संगठित संस्थामा काम गर्ने ब्यक्ति,

२७. व्यवस्थापन समिति विघटन गर्न सक्नेः (१) देहायका अवस्थामा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछः

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा।

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा।

(ग) प्रचलित कानुन तथा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको नीति एवम् हित विपरीत काम गरेमा।

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा।

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको कानून अनुसारको निर्देशन पटक–पटक उलंघन गरेमा ।

(च) सम्बन्धित विद्यालयका अभिभावक मध्ये कम्तीमा ५१% ले सहि छाप गरी उक्त विद्यालय व्यवस्थापन समिति विघटन गरी पाउँ भनी गाउँ शिक्षा समितिमा लिखित निवेदन पेस गरेमा ।

तर विद्यालय व्यवस्थापन समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेस गर्ने मौकाबाट बन्चित गरिने छैन ।

२८. सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार : (१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

मालिकार्जुन गाउँपालिका

(क) विद्यालयको सञ्चालन, रेखदेख, सुपरीवेक्षण र व्यवस्थापन गर्ने ।

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने ।

(ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने ।

(घ) ६ महिना भन्दा बढी अवधिका लागि तालिममा जाने शिक्षक तथा कर्मचारीलाई तालिमबाट फर्केपछि निश्चित अवधि सम्म विद्यालयमा सेवा गर्नु पर्ने सम्बन्धमा शर्तहरू निर्धारण गरी कवुलियतनामा गराउने ।

(ङ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षाको लागी पहल गर्ने ।

(च) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने र त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाई तलब भत्ता दिने।

(छ) नेपाल सरकारबाट स्वीकृत दरवन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र शिक्षा शाखामा लेखी पठाउने।

(ज) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्ने।

(झ) कुनै शिक्षक वा कर्मचारीलाई यस नियमावली बमोजिम व्यवस्थापन समितिले कारबाही गर्न पाउने विषयमा विभागीय कारबाही गरी त्यसको जानकारी शिक्षा शाखालाई दिने तथा आफूलाई कारबाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि सिफारिस गर्नु पर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन शिक्षा शाखामा पठाउने।

(ञ) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने।

(ट) नेपाल सरकारबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने।

(ठ) विद्यार्थीहरूले पालना गर्नुपर्ने आचार संहिता बनाई लागू गर्ने।

(ड) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अध्यावधिक गराई राख्ने।

(ढ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने।

(ण) गाउँपालिकावाट तोकिएको लेखा परीक्षक मार्फत लेखा परीक्षण गराउने ।

(त) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन तर्फ उत्प्रेरित गर्ने व्यवस्था मिलाउने।

(थ) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने।

(द) निरीक्षकले विद्यालयको चेक जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको तलब कट्टी गर्ने।

(ध) व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने।

(न) स्थानीय तहसँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने।

(प) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा स्थानीय तह तथा स्थानीय शिक्षा शाखा मार्फत गर्ने।

(फ) वार्षिक रुपमा विद्यालयका लागि आवश्यक मालसामान/मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने।

(ब) विद्यालयको विपद, जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने।

(भ) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने।

(म) आफ्नै स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा शर्त तथा विभागीय कारबाहीलाई व्यवस्थित गर्न कार्यविधि बनाई गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट स्वीकृत गराई लागू गर्ने।

(य) मालिकार्जुन गाउँपालिका, गाउँ शिक्षा समिति र शिक्षा शाखाले दिएको निर्देशन अनुरूप काम गर्ने ।

(र) शिक्षक एवं कर्मचारीलाई मापदण्ड बनाई पुरस्कृत गर्ने

(ल) विद्यालयको पढाई व्यवाहारिक, सीपमूलक र स्तरीय बनाउन प्रतिस्पर्धी तथा सहयोगी भूमिका खेल्न।

(व) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय,व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा सार्वजनिक परीक्षण गराउने।

(श) शिक्षकको अध्ययन विदा र असाधारण विदाको लागि सिफारिस गर्ने

(ष) विद्यालय समय भित्र विद्यार्थी, शिक्षक, कर्मचारीहरुलाई राजनीतिक गतिबिधिमा संलग्न हुन नदिने।

(स) आफ्नो विद्यालयमा रहेका कार्यरत स्थायी शिक्षकहरु मध्येबाट निमित्त प्रधानाध्यापक नियुक्तिका लागि गाउँ कार्यपालिकालाई सिफारिस गर्ने ।

(ह) विद्यालयमा कार्यरत शिक्षकहरुलाई वरिष्ठताको आधारमा जिम्मेवारी बाँडफाँड गरी विद्यालयमा शैक्षिक वातावरण कायम गर्ने

(२) व्यवस्थापन समितिले आफ्नो अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य–सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२९. शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था : (१) शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

मालिकार्जुन गाउँपालिका

## परिच्छेद ६

## शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवा शर्त, योग्यता एवं सक्षमताको मापदण्ड सम्बन्धी व्यवस्था

३०. गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्नेः (१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षक तथा कर्मचारीहरुको दरवन्दी निर्धारण गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्नेछ ।

(२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारित दरबन्दीमा नियुक्ति भएको शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले अभिलेख तयार गर्नु पर्नेछ । यसरी नियुक्त भएको शिक्षकको सेवा सुविधा गाउँपालिका मार्फत् भुक्तानी गर्नु पर्नेछ ।

(४) शिक्षक कर्मचारीको दरवन्दी निर्धारण, मिलान तथा विद्यालय समायोजन सम्वन्धमा गाउँ शिक्षा समितिले आवश्यक कार्यविधि तयार गरी लागू गर्न सकिनेछ ।

(५) उपदफा ४ बमोजिमको दरवन्दी निर्धारण, मिलान तथा विद्यालय समायोजन पश्चात अपुग हुने कक्षागत/विषयगत शिक्षकहरुको हकमा गाउँपालिकाबाट स्थानीय राहत अनुदानमा स्थानीय राहत शिक्षक व्यवस्थापन गरिनेछ ।

३१. शिक्षकको सेवा शर्त, योग्यता, सक्षमता, बिदा र काजः (१) शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता बिदा र काज प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

३२. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः (१) गाउँपालिका भित्र कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीहरुले प्रचलित ऐन, कानून बमोजिम पदीय आचरणको पालना गर्नुपर्नेछ ।

(२) पदीय आचरण पटक पटक उलंघन गर्ने शिक्षक तथा कर्मचारीलाई देहायका अवस्थामा सम्बन्धित विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिले प्रचलित कानुनबमोजिम आवश्यक कार्यवाहि गर्न सक्नेछः

(क) तोकिए बमोजिमका पदीय दायित्व र आचरण पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको व्यहोरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको प्रमाणित भएमा,

(छ) निजले अध्यापन गरेको विषयमा तीन बर्ष भित्रको औसत शैक्षिक उपलब्धि प्रचलित कानून बमोजिमभन्दा कम भएमा,

(ज) अध्यापन अनुमति पत्र नभई भर्ना गरिएका शिक्षक तथा आवश्यक प्रक्रिया बिना भर्ना गरिएका करार शिक्षक वा कर्मचारी ।

(३) माथि जुनसुकै कुरा उल्लेख भएको भएतापनि उपदफा (२) बमोजिम वा अन्य कुनै माध्यमले करार शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई गाउँ शिक्षा समितिको सिफारिसमा पदबाट हटाउन सक्नेछ । तर पदबाट हटाउनु अघि मनासिव माफि/स्पष्टीकरणको मौकाबाट भने बञ्चित गरिनेछैन ।

३३.अदालतको आदेशबाट पुर्नःबहाली हुन सक्नेः (१) दफा ३२ (२) मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई सेवाबाट हटाइएको वा बर्खास्त भएको स्थायी शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला वमोजिम सेवामा पुर्नःबहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुर्नःबहाली भएको शिक्षकले सेवाबाट हटाइए देखि पुर्नःबहाली भएको मिति सम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

३४. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः (१) नियमानुसार विदा वा काज स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले सो अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

३५. अध्यापन अनुमति पत्र अनिवार्य हुनेः (१) अध्ययन अनुमति पत्र नभएको कुनै पनि व्यक्ति, शिक्षक पदको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछैन र यो ऐन जारी हुनु भन्दा पूर्व यस प्रावधान विपरित नियुक्त भएका शिक्षकको सम्बन्धमा गाउँकार्यपालिकाले आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

३६. स्थायी आवासीय अनुमति लिन नहुनेः (१) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई तोकिए बमोजिम दण्ड तथा सजाय हुनेछ ।

## परिच्छेद ७

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम, वृत्ति विकास

३७. विद्यालयका शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ताको नियुक्ति सम्वन्धी व्यवस्थाः (१) सामुदायिक विद्यालयमा करारमा शिक्षक वा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय वमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछः

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य – अध्यक्ष

(ख) गाउँ शिक्षा अधिकृत -सदस्य

(ग) माध्यमिक तहको शिक्षक छनौट गर्नुपर्ने भएमा शिक्षाशास्त्र विषयमा कम्तिमा स्नातकोत्तर र अन्य अन्य तहको शिक्षक नियुक्ति गर्नु भएमा शिक्षाशास्त्र विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेका गाउँपालिकाले सूचिकृत गरेका बिषय विषेशज्ञहरु मध्येबाट उपलव्ध भएसम्म एक जना महिला समेतको प्रतिनिधित्व हुने गरी गाउँपालिका अध्यक्षले मनोनीत गरेको दुईजना –सदस्य

(ङ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक –सदस्य–सचिव

(२) विषय विशेषज्ञको योग्यताः माध्यमिक तहको शिक्षक छनौट गर्नु पर्ने भएमा सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण र तालिम प्राप्त तथा अन्य तहको शिक्षक तथा कर्मचारी छनौट गर्नु पर्ने भएमा सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण र तालिम प्राप्त गरेको हुनुपर्नेछ र कम्तिमा ५ बर्ष स्वीकृत दरवन्दीमा अस्थायी वा स्थायी सेवामा कार्यरत रहेको हुनु पर्नेछ ।

(३) शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ भने परीक्षा केन्द्र गाउँ शिक्षा शाखाले तोकेको स्थानमा रहने ।

(४) शिक्षा अधिकृतको पद रिक्त भएमा वा लामो विदामा रहेको वा अन्य कारणले तत्काल गाउँपालिकामा उपस्थित हुन नसक्ने भएमा शिक्षा अधिकृत खटाइ दिन जिल्ला स्थित अन्य स्थानीय तहहरुबाट माग गरिनेछ ।

(५) आयोगले शिक्षक वा कर्मचारी छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नु पर्नेछ ।

(६) शिक्षक तथा कर्मचारी छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) विद्यालयमा शिक्षक, बालविकास शिक्षक तथा कर्मचारीको पद रिक्त भएमा सम्वन्धित विद्यालयले रिक्त भएको मितिले ७ दिन भित्रमा गाउँपालिका समक्ष लिखित रुपमा जानकारी दिनुपर्नेछ ।

३८. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः (१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति, सेवाको शर्त र सुविधा सम्बन्धमा कार्यपालिकाले आवश्यक कार्यविधि निर्माण गरी लागू गर्न सक्नेछ ।

३९. शिक्षकको सरुवा सम्वन्धी व्यवस्थाः (१) विद्यालयको स्वीकृत दरवन्दीमा कार्यरत शिक्षकलाई सम्वन्धित स्थानीय तहभित्रको कुनै विद्यालयमा आवश्यकता अनुसार गाउँ शिक्षा समितिले सरुवा तथा पदस्थापन गर्न सक्नेछ ।

(२) शिक्षकबाट सरुवाको लागि निवेदन पर्न आएमा गाउँपालिकाले सरुवा हुने चाहेको शिक्षकको निवेदनको आधारमा रिक्त पद, विषय, सरुवा हुने आधार आदि मिलेमा सम्वन्धित स्थानीय तह भित्र सरुवा गर्न सक्नेछ ।

(३) एउटा स्थानीय तहबाट अर्को स्थानीय तहमा सरुवा हुन चाहने शिक्षकको हकमा सम्वन्धित स्थानीय तहको सिफारिस र सहमतिको आधारमा नियमानुसार सरुवा गर्न सकिनेछ ।

(४) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको शुरु वा अन्त्यमा मात्र गरिनेछ ।

४०. दरवन्दी मिलान तथा विद्यालय समायोजन सम्वन्धी व्यवस्थाः (१) गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक कार्यविधि तयार गरी गाउँपालिका भित्रको शिक्षक कर्मचारी दरवन्दी मिलान तथा विद्यालय समायोजन गर्नुपर्नेछ ।

४१. शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः (१) हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको कानून बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ति पाएका शिक्षकहरुको सेवा, शर्त तथा बढुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४२. तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्थाः (१) शिक्षकलाई नेपाल सरकारको नीति तथा स्थानीय तहबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ ।

४३. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पाठन पठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन बाधा पर्ने छैन ।

## परिच्छेद ८

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापन

४४. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारणः (१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाई व्यवस्था, वातावरण मैत्री हाता, करेसावारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय, सिकाई मैत्री वातावरण हुनु पर्नेछ ।

(२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, छात्राहरुलाई सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनु पर्नेछ ।

(३) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

४५. विद्यालयको सम्पत्तिः (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा एकीकरण भएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा विविध सार्वजनिक कार्यमा प्रयोग गर्न सक्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा, प्राप्त गरेको चल अचल सम्पत्ति नेपाल सरकारको स्वीकृति बिना बेचबिखन गर्न पाइने छैन ।

४६. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण व्यवस्थापनः (१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ । सो विद्यालय बन्द, खारेज वा अन्यत्र एकीकरण भई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानून बमोजिम अन्य सरकारी प्रयोजनको लागि भोग चलन गर्न सक्नेछ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिका र नेपाल सरकारको रहने छ ।

४७. विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक (१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड सिकाइ अनुरुप उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्नेछ ।

(२) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या र सोको लागि आवश्यक रकम एकीन गरी सम्बन्धित विद्यालयले तोकिएको समय सीमाभित्र गाउँ शिक्षा शाखामा रकम माग गर्नुपर्नेछ ।

(३) गाउँपालिकाले आधारभूत तहसम्मको शिक्षा लागि स्थानीय आवश्यकतामा आधारित स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्नेछ ।

(४) विद्यालयमा बहु पाठ्यपुस्तक लागू गर्न सकिनेछ ।

(५) शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित सामाग्री, थप स्वअध्यायन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ ।

४८. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालनः (१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्न सक्नेछ ।

(२) विद्यालयले बालक्लब, तथा वातावरणमैत्री क्लबहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद ९

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमन सम्बन्धी व्यवस्था

४९. संस्थागत विद्यालय सञ्चालन गर्न अनिवार्य अनुमति र स्वीकृति लिनु पर्नेछ । संस्थागत विद्यालयको अनुमति प्रक्रिया, आवश्यक मापदण्ड, अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।५०. संस्थागत विद्यालयको व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः—

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा

गाउँपालिकाबाट मनोनित —अध्यक्ष

(ख) अभिभावकहरूमध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी विद्यालय

व्यवस्थापन समितिले मनोनित गरेको दुईजना —सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित

गरेको एकजना —सदस्य;

(घ) गाउँपालिकाको शिक्षा अधिकृत एक जना —सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना —सदस्य

च) विद्यालयको प्रधानाध्यापक —सदस्य सचिव

(२) उपदफा (१) खण्ड (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित भएका पदाधिकारीहरुको पदावधी तीन वर्षको हुनेछ । त्यस्ता पदाधिकारीले आफ्नो पदिय आचरण पालना नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) विद्यालयले नेपाल सरकार र गाउँपालिकाले तोके बमोजिमका पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने,

(च) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा श्रम ऐनलाई आधार मानी तोक्ने

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति, नियम, तथा निर्देशनहरूको पालना गर्ने,

(ञ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५१. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयको प्रधानाध्यापक, र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटको लागि आधार, शर्त र प्रकृया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराइ सार्वजनिक समेत गर्नु पर्नेछ ।

(४) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

५२. अनुगमन तथा मूल्याङ्कन सम्वन्धी व्यवस्थाः (१) संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वा गाउँ शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

५३. अनुमति वा स्वीकृति रद्द गर्नेः (१) कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बन्ने नियम विपरीत अन्य कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेद १०

## परीक्षा सञ्चालन, शुल्क निर्धारण, छात्रवृति तथा लेखापरीक्षण

५४. आधारभूत तह कक्षा ५ र ८ कक्षाको अन्तिम परीक्षाको सञ्चालन सम्बन्धी व्यवस्थाः (१) आधारभूत शिक्षाको कक्षा ५ र ८ को अन्तिम परीक्षा गाउँपालिका स्तरीय हुनेछ ।

(२) उपदफा १ बमोजिमको परीक्षा सम्बन्धी सम्पूर्ण कार्य तोकिएको कार्यविधि बमोजिम हुनेछ ।

(३) कक्षा १० र १२ को बार्षिक परीक्षा, बोर्डबाट तोकिए बमोजिम हुनेछ ।

५५. अनुदानको व्यवस्था (१) सामुदायिक विद्यालय, प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ ।

५६. लेखा व्यवस्थापनः (१) विद्यालयले प्रचलित कानून बमोजिमको ढाँचामा आय व्ययको लेखा श्रेस्ता व्यवस्थापन गर्नुपर्नेछ ।

(२) विद्यालयको नियमित कारोबारको लेखाश्रेस्ता तथा अभिलेख व्यवस्थापन गर्न लेखा शाखा व्यवस्थापन गरी कुनै कर्मचारी वा शिक्षकलाई लेखा अभिलेख व्यवस्थापन गर्ने जिम्मेवारी दिनु पर्नेछ ।

५७. सामुदायिक विद्यालयको खाता संचालनः (१) विद्यालयले आर्थिक कारोबार मान्यता प्राप्त बैंक मार्फत गर्नुपर्नेछ ।

(२) माध्यमिक विद्यालयको खाता संचालन प्रधानाध्यापक र लेखा व्यवस्थापन गर्न तोकिएको कर्मचारी वा शिक्षकको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ र आधारभूत विद्यालयको हकमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकको संयुक्त हस्ताक्षरबाट संचालन गर्नुपर्नेछ ।

५८. लेखापरीक्षण तथा सामाजिक परीक्षणः (१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र गाउँ शिक्षा समितिले तोकेको रजिष्टर्ड लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

(२) लेखापरीक्षण समाप्त भएको १५ दिन भित्र शिक्षा युवा तथा खेलकुद शाखा मार्फत् गाउँ शिक्षा समितिमा लेखापरीक्षण प्रतिवेदन पेस गर्नुपर्नेछ ।

(३) प्रत्येक बर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण वा बार्षिकोत्सव मार्फत् सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ ।

५९. छात्रवृतिको व्यवस्था गर्न सक्नेः (१) गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिमको छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

(२) गाउँपालिकाले प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि छात्रवृति सम्बन्धी मापदण्ड जारी गरी लागू गर्न सक्नेछ ।

६०. शुल्क सम्बन्धी व्यवस्थाः (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयहरुले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले आफ्नो इच्छा अनुसार विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट निर्धारण गर्न सकिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइ सकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउनेछैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क गाउँ शिक्षा समितिबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्ता शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख देखि  तीन लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

६१. विद्यालयलाई छुट र सुविधाः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखित पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएबाहेक अन्य विद्यालयको नाममा कुनै लिखित पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सकिनेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीकोरूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ११

## प्राविधिक तथा व्यवसायिक शिक्षा र विद्यालय शान्ति क्षेत्र

६२.गाउँपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका साथै सि.टि.ई.भि.टि. कार्यक्रमबाट निर्धारित विषय अध्यापन गराउन सकिने छ । यस्ता विद्यालयको सञ्चालनका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ ।

६३. खुल्ला तथा विशेष शिक्षाः (१) गाउँपालिकाभित्र खुल्ला तथा विशेष शिक्षा सम्वन्धी कार्यक्रम संचालन गर्दा, नेपाल सरकारले तोकेबमोजिम हुनेछ ।

६४. गाउँपालिकाले निर्देशन दिन सक्नेः (१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समिति/विद्यालयलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समिति र विद्यालयको कर्तव्य हुनेछ ।

६५. विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्रको रुपमा कायम गर्नुपर्नेः (१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित कृयाकलाप हुन नदिने गरी विद्यालयलाई शान्ति क्षेत्रको रुपमा घोषणा गरी सो अनुरुप कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

६६. बालबालिकालाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नपाइनेः

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

६७. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालनः (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद १२

## कोष सम्बन्धी व्यवस्था

६८. गाउँ शिक्षा विकास कोषः (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विपन्न, प्राकृतिक प्रकोप पीडित र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी र शिक्षकलाई पुरस्कृत गर्न गाउँ शिक्षा विकास कोष स्थापना गर्नेछ ।

(२) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछः

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दानदातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन तथा व्यवस्थापन गाउँ शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

(४) उपदफा (१) बमोजिम संचालन भएको कोषको लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद १३

## विविध

६९. दण्ड सजायः (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दामा तोकिए बमोजिम दण्ड जरिवाना हुनेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके वमोजिम सजाय हुनेछः

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरे वा परीक्षा केन्द्रमा अनियमित गतिविधि गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(झ) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) कानून बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्न अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

(४) उपदफा (३) बमोजिम तोकिएको दण्ड सजाय जरिवानाको आदेश उपर प्रचलित कानून बमोजिम पुनरावेदन गर्न सकिनेछ ।

७०. नियम बनाउने अधिकारः (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाइ लागु गर्न सकिनेछ ।

७१. संक्रमणकालीन व्यवस्थाः (१) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको प्रावधानका सम्बन्धमा कार्यविधि तर्जूमा नभएसम्म गाउँकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

नागार्जुन गाउँपालिका

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापन गर्न र प्रक्रिया पूरा नगरी यसअघि नियुक्त भएका करार शिक्षक तथा कर्मचारीको प्रक्रिया अनुसार पुनः विज्ञापन गरी दक्ष जनशक्ति नियुक्त गर्न विद्यालय व्यवस्थापन समितिबाट अनुमति माग भई आएमा गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले अनुमति दिन सक्नेछ ।

७२. बाधा अड्काउ फुकाउने अधिकारः (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा समावेश भएसरह मानिनेछ । तर यस्तो आदेश गाउँसभाले ९ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निष्कृय हुनेछ ।

७३. बचाउ तथा खारेजीसम्बन्धी व्यवस्थाः (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा उल्लेख भएमा सोही बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा उल्लेख भएको प्रावधानले विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) यस ऐनका दफा तथा उपदफाहरु संविधान तथा संघीय कानूनसँग बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछ ।

(४) यो ऐनजारी भएपश्चात गाउँपालिकाले तर्जुमा गरेको नियमावली, कार्यविधि, निर्देशिका तथा मापदण्ड ऐनसँग बाझिएको हदसम्म स्वतःखारेज एवं अमान्य भएको हुनेछ ।

(५) मालिकार्जुन गाउँपालिकाको शिक्षा नियमावली, २०७७ मार्फत भए/गरेका कामकारवाहीहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

७४. संशोधन सम्बन्धी व्यवस्थाः (१) यस ऐनमा संशोधन तथा हेरफेर गर्न वान्छनीय भएमा गाउँसभा बैठकबाट संशोधन तथा हेरफेर गर्न सकिनेछ ।

आज्ञाले
सुरज प्रसाद जोशी
प्रमुख प्रशासकीय अधिकृत

मालिकार्जुन गाउँपालिका